# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## प्रेस विज्ञप्ति

यही मिति २०८० कात्तिक १७ गते शुक्रबार राती जाजरकोटको बारेकोट गाउँपालिका १, रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्यूडको भूकम्पबाट पुगेको ठूलो मानवीय तथा भौतिक क्षतिको खबरले मलाई अत्यन्त मर्माहत तुल्याएको छ । विशेषगरी पश्चिम नेपालको दुई पहाडी जिल्ला जाजरकोट र रुकुम पश्चिममा यस घटनाले पुर्‍याएको अपूरणीय क्षतिका कारण सिंगो देश नै स्तब्ध भएको छ । यस विपद्मा परी दिवङ्गत भएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । साथै, घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै भूकम्प प्रभावित क्षेत्रमा प्रभावकारी खोज, उद्धार, स्वास्थ्योपचार तथा राहतको काममा जुट्न सरकार लगायत संम्बन्धित पक्षलाई अपील गर्दछु र साथै यस्ता प्रकोपपछि उत्पन्न हुनसक्ने माहामारीप्रति सजग, सचेत र उद्धारको तयारीका लागि समेत सबैसंग आग्रह गर्दछु ।

२०८० साल कात्तिक १९ गते,आइतबार ।

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख